# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, माघ २८ गते, २०७६ साल (अतिरिक्ताङ्क ३६(ख)


## भाग २

प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

**प्रदेश सहकारी नियमावली, २०७६**

प्रदेश सहकारी ऐन, २०७६ को दफा १२७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "प्रदेश सहकारी नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश सहकारी ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "कर्जा" भन्नाले चल अचल सम्पत्ति धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले सदस्यलाई दिएको कर्जाको सावाँ, ब्याज र हर्जाना रकम सम्झनु पर्छ।

(ग) "विशिष्टिकृत सहकारी संघ" भन्नाले ऐनको दफा ८ बमोजिम गठन हुने विशिष्टिकृत सहकारी संघ सम्झनु पर्छ।

(घ) "व्यवस्थापक" भन्नाले सहकारी संस्था वा संघको व्यवस्थापक सम्झनु पर्छ र सो शब्दले महाप्रबन्धक वा प्रमुख कार्यकारी अधिकृतलाई समेत जनाउँछ।

(ङ) "संस्थागत पुँजी" भन्नाले संस्था वा संघको पछिल्लो आर्थिक वर्षको जगेडा कोष र घाटापूर्ति कोषको रकम सम्झनु पर्छ।

## परिच्छेद-२

## संस्था गठन, दर्ता तथा सञ्चालन

३. **संस्थाको गठनः** (१) ऐनको दफा ३ को उपदफा (३) बमोजिम पेशागत सङ्गठनका आधारमा संस्था गठन गर्दा देहायका शर्त बन्देजहरू पूरा भएको हुनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत सङ्गठनका सदस्यहरू मात्र सदस्य हुनु पर्ने,

(ख) संस्थाको कार्यक्षेत्र बढीमा एक जिल्ला हुनु पर्ने,

(ग) एक जिल्लामा आफ्नो पेशागत सङ्गठनको एकमात्र प्रारम्भिक संस्था गठन भएको हुनु पर्ने।

(२) संस्था दर्ता गर्दा सम्बन्धित पेशागत सङ्गठनको सिफारिस संलग्न गर्नु पर्नेछ।

(३) एक सय जनाभन्दा कम कर्मचारी, शिक्षक वा प्राध्यापकहरू कार्यरत रहेको कार्यालयमा संस्था गठन गर्दा त्यस्तो कार्यालयमा कम्तीमा तीस जनाको स्थायी दरबन्दी स्वीकृत भई कार्यरत रहेको हुनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थाको आधारमा गठन हुने संस्थामा त्यसमा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारी सदस्य हुन सक्नेछन्।

(५) विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थामा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारीले यस नियम बमोजिम गठन हुने एकै प्रकृतिको कुनै एक मात्र संस्थामा सदस्यता लिन सक्नेछ।

(६) यस नियम बमोजिम दर्ता भएका संस्थाहरूले देहायका कार्य मात्र गर्न सक्नेछन् :-

(क) सदस्यहरूबाट विनियममा तोकिएको सीमासम्मको मासिक बचत सङ्कलन गर्ने,

(ख) खण्ड (क) बमोजिम सङ्कलित बचत रकम सदस्यहरूलाई ऋणको रूपमा परिचालन गर्ने,

(ग) सदस्यहरूको बौद्धिक विकास, कला एवं साहित्यका क्षेत्रमा रचनात्मक कार्य गर्ने।

४. **विशिष्टिकृत सहकारी संघको गठन र सञ्चालनः** (१) ऐनको दफा ८ बमोजिम विशिष्टिकृत सहकारी संघ गठन गर्दा देहायका शर्त पूरा भएको हुनुपर्नेछ :-

(क) आवेदक संस्थाहरूको संयुक्त शेयर पुँजी कम्तीमा पन्ध्र करोड रुपैयाँ हुनुपर्ने,

(ख) आवेदक संस्थाहरूको संयुक्त संस्थागत पुँजी कम्तीमा तीन करोड रुपैयाँ हुनुपर्ने,

(ग) आवेदक संस्थाहरूले खरिद गरेको संघको शेयर पुँजी कम्तीमा एक करोड रुपैयाँ हुनुपर्ने,

(घ) आवेदक संस्थाहरू घाटामा गएको हुन नहुने।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिम आवेदक संस्थाले खरिद गर्ने शेयरको रकम संस्थाको प्राथमिक पुँजी कोष र बचतको अनुपात कम्तीमा एक बराबर पन्ध्र कायम गरी जगेडा कोष र शेयर पुँजीबाट मात्र खरिद गर्नु पर्नेछ।

(३) विशिष्टीकृत सहकारी संघले साधारण सभाबाट पारित गरी रजिष्ट्रारबाट स्वीकृत विनियममा उल्लिखित प्रक्रियाहरु अबलम्बन गरी सञ्चालन गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्रक्रिया अबलम्बन गरि सञ्चालनमा रहेको विशिष्टीकृत सहकारी संघले सञ्चालनका क्रममा देहायका शर्तहरु अबलम्बन गर्नु पर्नेछ :-

(क) जुन उद्देश्यका लागि सो सहकारी संघ गठन भएको हो सोही कार्य मात्र गर्नु पर्ने,

(ख) विशिष्टीकृत सहकारी संघको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपूर्व प्रचलित कानून बमोजिम अनुमति, स्वीकृति वा इजाजत लिनुपर्ने भए लिएर मात्र सञ्चालन गर्नुपर्ने।

(५) विशिष्टीकृत सहकारी संघ गठन गर्दा स्व-रोजगारी तथा मूल्य शृङ्खलामा योगदान पुऱ्याउने गरी वस्तुको सञ्चय, प्रशोधन, बजारीकरण र निर्यात मूलक कार्य विशेषका आधारमा समेत गठन गर्न सकिनेछ।

५. **संस्था वा संघ दर्ताको दरखास्तको ढाँचा र पेश गर्नुपर्ने विवरणः** (१) ऐनको दफा ११ को उपदफा (१) बमोजिम रजिष्ट्रार समक्ष संस्था वा संघ दर्ता गर्नका लागि देहायका विवरणहरु पेश गर्नु पर्नेछ :-

(क) अनुसूची-१ बमोजिमको ढाँचामा संस्थाको भावी योजना र कार्यक्रम,

(ख) अनुसूची-२ बमोजिमको ढाँचामा सदस्यले लिन स्वीकार गरेको शेयर सङ्ख्या र शेयर रकमको विवरण,

(ग) प्रारम्भिक भेलाका निर्णयहरू,

(घ) अनुसूची-३ को ढाँचामा सदस्यबाट शेयर पुँजी तथा प्रवेश शुल्कबापत सङ्कलित रकमको भरपाई,

(ङ) अनुसूची-४ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण,

(च) अनुसूची-५ को ढाँचामा स्व-घोषणापत्र,

(छ) अनुसूची-६ को ढाँचामा अधिकार प्रत्यायोजनपत्र,

(ज) आवेदकहरूको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,

(झ) पेशागत संगठनका आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत संगठनको आवद्धताको परिचय पत्रको प्रतिलिपि,

(ञ) संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको पुष्ट्याइँ हुने प्रमाण,

(ट) शेयर पुँजी तथा प्रवेश शुल्क बापत सदस्यहरूबाट सङ्कलित रकम बैङ्क वा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम 'क' वर्गको ईजाजत प्राप्त बैङ्क वा राष्ट्रिय सहकारी बैंकमा खाता खोली रकम जम्मा गरेको बैङ्क भौचर,

(ठ) अनुसूची-७ बमोजिम आवेदक संस्था वा संघको विवरण,

(ड) दुई वा दुईभन्दा बढी स्थानीय तह कार्यक्षेत्र राखी दर्ता गर्न चाहेमा तत् तत् स्थानीय तहको सिफारिस पत्र,

तर वचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी दर्ता हुन आएको सहकारी संस्थाले महानगरपालिका वा उपमहानगरपालिकाको हकमा कुनै एक एक वडामा मात्र कार्य गर्ने भन्ने प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम विशिष्टीकृत संघ दर्ता गर्नको लागि दरखास्त दिँदा देहायका विवरण संलग्न गर्नुपर्नेछ :-

(क) अनुसूची-८ को ढाँचामा आवेदक संस्थाको विषय, सदस्य सङ्ख्या, शेयरपुँजी, संस्थागत पुँजी र कारोबार खुल्ने विवरण,

(ख) उपनियम (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (छ) र (ट) मा उल्लिखित कागजात।

६. **<u>संस्था दर्ता गर्दा लिइने आधारहरुः</u>** (१) ऐनको दफा १२ को उपदफा (१) को खण्ड (घ) बमोजिम सहकारी संस्थाहरु दर्ता गर्दा देहायका आधारमा गर्नु पर्नेछ :-

(क) आवेदकहरुको हित मिल्दो जुल्दो हुनुपर्ने,

(ख) सदस्यको योग्यतामा संस्थाले दिने सेवा उपयोग गर्ने अवस्था हुनुपर्ने,

(ग) सदस्यता प्राप्तिमा कृत्रिम छेकवार हुने शर्त राखिनु नहुने,

(घ) संस्था सञ्चालनका महत्वपूर्ण विषयहरुमा साधारण सभाको निर्णय अनिवार्य हुने प्रावधान विनियममा हुनुपर्ने,

(ङ) निर्णय प्रक्रियामा सबै सदस्यहरुको सहभागिताको सुनिश्चितता भएको हुनुपर्ने।

(२) संघको दर्ताको लागि एक भन्दा बढी निवेदन परेमा रीतपूर्वक दर्ता भएको पहिलो निवेदनलाई प्राथमिकता दिइनेछ।

७. **<u>सहकारी संस्थाको कार्यक्षेत्र विस्तारः</u>** (१) ऐनको दफा १५ को उपदफा (१) बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने

संस्थाको कार्यक्षेत्र विस्तार एक पटकमा बढीमा एक स्थानीय तहसम्म गर्न सकिनेछ।

तर बचत तथा ऋणको मुख्य कारोबार नगर्ने र प्रकृति अनुसार फराकिलो कार्य क्षेत्र आवश्यक पर्ने संस्थाको कार्य क्षेत्र विस्तार एक स्थानीय तह भन्दा बढी हुन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कार्य क्षेत्र विस्तार गर्दा देहायको शर्त तथा आधारहरु पूरा भएको हुनु पर्नेछः-

(क) विस्तार गरिने कार्य क्षेत्रबाट कम्तीमा संस्था दर्ता हुँदा आवश्यक पर्ने सङ्ख्या बराबरका व्यक्तिहरुको हस्ताक्षर सहितको सेवा माग निवेदन र निजहरुको नागरिकताको छाँया कपी पेश भएको हुनुपर्ने,

(ख) शेयर पुँजी कम्तीमा दुई करोड भएको हुनुपर्ने,

(ग) संस्थाको हालको खुद बचत रकम धनात्मक भएको हुनुपर्ने,

(घ) संस्थाको मौजुदा सदस्य कम्तीमा दुई हजार भन्दा बढी भएको हुनुपर्ने,

(ङ) विस्तार गरिने कार्य क्षेत्र साविकको कार्य क्षेत्रसँग भौगोलिक रुपमा जोडिएको हुनुपर्ने,

(च) सहकारी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आबद्ध भएको हुनुपर्ने,

(छ) नियमित साधारण सभा भएको हुनुपर्ने,

(ज) नियमित लेखापरीक्षण भएको हुनुपर्ने,

(झ) कानून बमोजिम नियमित रुपमा पेश गर्नुपर्ने कागजात एवं विवरणहरु पेश गरेको हुनुपर्ने,

(ञ) सञ्चालक समितिको नाम, थर, ठेगाना, सम्पर्क नम्बर र फोटो सहितको तीन पुस्ते विवरण पेश गरेको हुनुपर्ने,

(ट) विनियम संशोधनको प्रक्रिया पूरा भएको हुनुपर्ने।

(३) उपनियम (१) बमोजिम कार्यक्षेत्र विस्तार गर्दा दर्ता भएको दुई वर्ष पछि मात्र विस्तार गर्न सकिनेछ।

तर एक पटक कार्यक्षेत्र विस्तार भएपछि तीन वर्ष व्यतित नभै पुनः कार्यक्षेत्र विस्तार गरिने छैन।

(४) ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र कायम गर्ने प्रयोजनको लागि त्यस्ता संस्थाहरूले पेश गर्ने कार्य सञ्चालन प्रतिवेदनमा ऐनको दफा १५ को उपदफा (२) मा उल्लिखित विवरणहरूको अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नु पर्नेछ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका सेवा केन्द्र वा सम्पर्क कार्यालय अनुसारको सञ्चालन खर्च, कारोबार र नाफा नोक्सानको विवरण,

(ख) मौजुदा कार्यक्षेत्रको जिल्ला, स्थानीय तह र वडा अनुसार सदस्यहरूको नाम, थर, ठेगाना, शेयर र बचतको विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेका उद्योग, लगानी र व्यावसायिक सेवा सुविधाहरूको जिल्ला, स्थानीय तह र वडा अनुसारको विवरण।

(५) ऐनको दफा १५ को उपदफा (६) को खण्ड (क) बमोजिम सहकारी संस्थाको मौजुदा कार्य क्षेत्रभित्रको जिल्ला,

स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिँदा झिकिने कार्यक्षेत्र भरिको गरी जम्मा सदस्य सङ्ख्याको पन्ध्र प्रतिशत भन्दा कम सदस्य सङ्ख्या भएको हुनु पर्नेछ।

८. <u>कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका आधार</u>ः (१) ऐनको दफा १८ को उपदफा (५) बमोजिम देहाय बमोजिमका आधारमा संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् :-

(क) सम्बन्धित संस्थाका सदस्यहरूको आवश्यकतामा आधारित उत्पादनको मूल्य शृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चालन विधि, सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कायम रहेको कुल सदस्य सङ्ख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(घ) खण्ड (ग) बमोजिम पारित प्रस्तावना संयुक्त रूपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरू बीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनुपर्ने,

(ङ) प्रस्तावित संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजना सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिनुपर्ने,

(च) प्रचलित कानून बमोजिम स्थानीय तह वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति पत्र, स्वीकृति वा इजाजत पत्र लिनुपर्ने भए लिएको हुनुपर्ने।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पन्न गरी सम्बन्धित संस्था वा संघले तत्सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर रजिष्ट्रारले पन्ध्र दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने जानकारी दिनेछ।

(४) उपनियम (३) बमोजिम दिएको जानकारीको रजिष्ट्रारले छुट्टै अभिलेख राख्नु पर्नेछ।

(५) यस नियम बमोजिम अनुमति पाएको संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने संस्था वा संघले रजिष्ट्रारले तोकेको ढाँचामा नियमित रूपमा प्रगति विवरण र वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

९. **<u>सहकारी संस्थाको विनियम</u>**ः सहकारी संस्थाको विनियम बनाउँदा अनुसुची-९ मा उल्लिखित विषयहरु समावेश गर्नुपर्नेछ।

१०. **<u>संघको सदस्यता</u>**ः ऐनको दफा २९ को उपदफा (५) बमोजिम संघको सदस्यता लिँदा देहायको प्रक्रिया पूरा गर्नु पर्नेछ :-

(क) विषयगत सहकारी संघको हकमा ऐनको अनुसूची-३ मा उल्लिखित एकै तहको विषयगत संघमा दोहोरो नपर्ने,

(ख) सम्बन्धित संघको विनियममा उल्लिखित आधार र प्रक्रिया पूरा भएको।

## परिच्छेद-३

## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

११. **साधारण सभा सम्बन्धी विशेष व्यवस्थाः** (१) ऐनको दफा ३५ को उपदफा (५) मा उल्लिखित सदस्य सङ्ख्या भएको संस्थाको साधारण सभा एकै स्थानमा गर्न असुविधा हुने देखि समितिले साधारण सभाको लागि तय भएका समान कार्यसूची उपर छलफल गर्न साधारण सभा बोलाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम हुने साधारण सभाको वैठक देहाय बमोजिम गराउनु पर्नेछ :-

(क) संस्थाको कार्य क्षेत्रलाई प्रति इकाई पाँच सय सदस्य सङ्ख्याको आधारमा विभिन्न इकाईमा विभाजन गर्ने,

(ख) सम्बन्धित इकाईमा रहेका सदस्यहरुबाट एक अनुपात दश बमोजिम प्रतिनिधि सङ्ख्या यकिन गर्ने,

(ग) प्रतिनिधि सङ्ख्या यकिन प्रति इकाईमा रहने कुल सदस्य सङ्ख्याको बहुमत सदस्यको उपस्थितिबाट गरिनु पर्ने,

(घ) साधारण सभाको बैठकको निर्णय पुस्तिका संस्थाका सञ्चालक समितिका सबै र शेयर

सदस्यहरु मध्येबाट सञ्चालक समितिको सङ्ख्यामा एक थप गरी हुने सङ्ख्या बराबरका सदस्यहरु साधारण सभाबाट छनौट गरी निजहरुबाट प्रमाणित भएको हुनु पर्नेछ,

(ङ) उपनियम (१) बमोजिम हुने साधारण सभा सम्बन्धी अन्य व्यवस्था विनियममा भएको व्यवस्था बमोजिम हुनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समिति र लेखा समितिको निर्वाचन संस्थाका शेयर सदस्यहरुबाट प्रत्यक्ष निर्वाचित भएको हुनु पर्नेछ। निर्वाचन सम्बन्धी कार्यका लागि सम्बन्धित संस्था वा संघले आन्तरिक कार्यविधि बनाई लागू गर्नु पर्नेछ।

१२. **समितिको काम, कर्तव्य र अधिकार:** ऐनको दफा ३९ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संस्थाको समग्र कार्य सञ्चालनमा सदस्यहरूको रचनात्मक, सिर्जनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरूलाई नियमित रूपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुऱ्याउनुका साथै प्राप्त निर्देशनहरूको कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको कार्य सञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण सम्बन्धी प्रचलित कानून बमोजिमका व्यवस्थाहरूको कार्यान्वयन गर्ने, गराउने,

(च) आवश्यकता अनुसार उपसमितिहरू गठन, विघटन तथा जिम्मेवारी तोक्ने,

(छ) सदस्य तथा पदाधिकारीहरूका लागि आचारसंहिता बनाई लागू गर्ने,

(ज) विनियममा उल्लिखित अन्य कार्यहरू गर्ने।

**१३.** **<u>तदर्थ समितिको गठनः</u>** (१) ऐनको दफा ४३ को उपदफा (४) बमोजिम संस्थाको दैनिक कार्य सञ्चालन गर्न र अर्को समितिको निर्वाचन गराउन रजिष्ट्रारले सदस्यहरू मध्येबाट सात जनाको एक तदर्थ समिति गठन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तदर्थ समिति गठन गर्दा देहाय बमोजिमका आधार लिनु पर्नेछ :-

(क) साबिकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो परिवारको सदस्य हुन नहुने,

(ख) एकै परिवारका एकभन्दा बढी सदस्य समितिमा रहेको हुन नहुने,

(ग) सदस्यको नाममा संस्थाको तिर्नुपर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता रहेको हुन नहुने,

(घ) उपलब्ध भएसम्म जम्मा सदस्यको कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्ने।

**१४.** **<u>लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यताः</u>** ऐनको दफा ४४ को उपदफा (१) बमोजिमको लेखा सुपरिवेक्षण समितिको

संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तीमा तीन वर्ष पूरा भएको,

तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा समितिका संयोजक तथा सदस्यहरूको हकमा यो खण्ड लागू हुनेछैन,

(ख) संस्थालाई तिर्नु, बुझाउनुपर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको,

(ग) संस्थाले आफैं वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षणसँग सम्बन्धित तालिम लिएको,

(घ) लेखा समितिमा निर्वाचित हुन न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा सो सरहको योग्यता हासिल गरेको हुनुपर्नेछ।

१५. **<u>सदस्यको रकम फिर्ता</u>:** (१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ५० को उपदफा (१) बमोजिम निजले पाउनुपर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको तीस दिनभित्र सम्बन्धित संस्थाले निजलाई फिर्ता दिनुपर्नेछ :-

(क) निजको शेयरको अङ्कित मूल्य बराबरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांश बापतको रकम,

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पुँजी फिर्ता बापतको रकम।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुँजीबाट समानुपातिक रूपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनु पर्नेछ।

(३) ऐनको दफा ५० को उपदफा (२) बमोजिम संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेका बखत ब्याज सहित तुरुन्त फिर्ता दिनु पर्नेछ।

तर आवधिक बचतको रकम निर्धारित अवधि भन्दा अगाबै फिर्ता गर्नु परेमा संस्थाको कार्यविधि अनुसार हुनेछ।

## परिच्छेद-४
## कोष सम्बन्धी व्यवस्था

१६. **अन्य कोष सम्बन्धी व्यवस्थाः** (१) सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ५४ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ५५ बमोजिम संरक्षित पुँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ५६ बमोजिम सहकारी प्रवर्द्धन कोषमा छुट्ट्याएर बाँकी रहेको रकमलाई शत प्रतिशत मानी देहाय बमोजिमका कोषहरूमा कम्तीमा पाँच प्रतिशत रकमको दरले छुट्याई वितरण गर्नु पर्नेछ :-

(क) सहकारी शिक्षा कोष,

(ख) शेयर लाभांश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापूर्ति कोष,

(च) सामुदायिक विकास कोष,

(छ) स्थिरीकरण कोष,

(ज) अन्य जोखिम व्यवस्थापन कोष।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढिमा तीन महिनाको तलव भन्दा बढी नहुने गरी रकम वितरण गर्नु पर्नेछ।

**१७. <u>अभिलेखः</u>** (१) ऐनको दफा ५८ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफूले गरेको कारोबारको लेखा तथा देहायका अभिलेखहरु सुरक्षित साथ राख्नु पर्नेछः-

(क) अनुसूची-१० बमोजिमको सदस्यता दर्ता किताब,

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरूका बैठकहरूको छुट्टाछुट्टै कारबाही किताब,

(ग) नगदी बही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा संघ वा निकायसँग कुनै कारोबार गरेको भए त्यस्तो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू,

(ञ) हिसाब परीक्षा सूची, आय विवरण, स्थिति विवरणपत्र र नगद प्रवाह विवरण,

(ट) समय-समयमा रजिष्ट्रारले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू।

(२) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण सहकारी व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नु पर्नेछ।

तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानून बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन।

(३) सहकारी संस्थाले आधारभूत अभिलेख तथा हिसाब किताबको पृष्ठसुरक्षा (ब्याकअप) को व्यवस्था गर्नु पर्नेछ।

१८. **विवरण उपलब्ध गराउनु पर्नेः** (१) सहकारी संस्थाले ऐनको दफा ५९ को उपदफा (१) बमोजिमका विवरणहरु मध्ये कारोबारको चौमासिक विवरण चौमासिक अवधि व्यतित भएको पन्ध्र दिन भित्र अन्य विवरण आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ।

(२) रजिष्ट्रारले समय समयमा तोकिदिएका अन्य विवरण रजिष्ट्रारले तोकेको समय सीमा भित्र उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-५
## ऋण असुली तथा बाँकी बक्यौता

१९. **ऋण तथा बाँकी बक्यौता असुलीः** (१) ऐनको दफा ६४ बमोजिम सहकारी संस्थाको ऋण र दफा ६५ बमोजिम सहकारी संस्थाको बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्दा सम्बन्धित सहकारी संस्थाले देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) बाँकी बक्यौता तिर्नु, बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद बाहेक पैंतीस दिनभित्र तिर्नु, बुझाउनु पर्ने रकम तिर्न, बुझाउन वा रकम तिरी, बुझाइसकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी म्याद जारी गरी पठाउने,

(ख) खण्ड (क) बमोजिम म्याद जारी गरिएकोमा म्यादभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न, बुझाउन नआएमा वा तिरी, बुझाइसकेको प्रमाण पेश नगरेमा निजको नाममा लिलाम बिक्री गर्ने सूचना प्रकाशन गर्ने,

(ग) धितो राखेको घर, जग्गा, जमिन मालपोत कार्यालयबाट रोक्का नगराइएको भएमा रोक्का गर्न लगाई त्यसको प्रमाण राख्ने,

(घ) धितो राखेको चल अचल सम्पत्तिको लिलाम बिक्री गर्दा धितोको विवरण, निजले बुझाउनुपर्ने सावाँ, ब्याज र हर्जानाको रकम समेत उल्लेख गरी चल सम्पत्ति भए पन्ध्र दिन र अचल

सम्पत्ति भए पैंतीस दिनको म्याद दिई उक्त म्यादभित्र तिर्नु बुझाउनु पर्ने रकम नबुझाएमा धितो लिलाम बिक्री गरी सावाँ, ब्याज र हर्जानाको रकम असुल उपर गरिने बारेको सूचना सम्बन्धित व्यक्तिलाई बुझाई संस्थाको कार्यालय स्थानीय तहको सम्बन्धित वडा कार्यालय र सार्वजनिक स्थानमा टाँस्नुका साथै स्थानीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने,

तर सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन बाधा पर्नेछैन।

(ङ) धितो लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि सुरु गरी बन्द हुने समयभन्दा एक घण्टा अगाडि समाप्त गर्नुपर्ने,

तर लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नु पर्नेछ।

(च) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चल अचल सम्पत्ति रहेको सम्बन्धित वडाको प्रतिनिधि, मालपोत कार्यालय वा स्थानीय तहको मालपोत विषय हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक, सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलन चल्तीको

मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी सुरु गर्नु पर्छ तथा डाँक बोल्न उपस्थित भई डाँक बढाबढ गर्ने व्यक्तिहरू मध्ये सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृत गर्ने,

तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैन।

(छ) डाँक बोल्न सुरु गरी बढाबढ गर्नेले डाँक अङ्क बोलेपछि संस्थाको विनियम वा आन्तरिक कार्यविधिमा तोकिए बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अङ्क स्पष्ट खोली निजको सहीछाप गराउने।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र स्थानीय तहको वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराउनु पर्नेछ।

(३) लिखित रूपमा अनुरोध गर्दा समेत उपनियम (२) बमोजिमको कुनै कार्यालयको प्रतिनिधि उपस्थित नभएमा उपस्थित प्रतिनिधि र स्थानीय तहको वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्री गर्नु पर्नेछ।

(४) जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ।

तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन।

## परिच्छेद-६

## एकीकरण तथा विभाजन

२०. **सहकारी संस्थाको एकीकरणः** (१) ऐनको दफा ६९ बमोजिम दुई वा दुईभन्दा बढी संस्थाहरू एकीकरण गर्दा देहायका शर्त बन्देजहरू पूरा भएको हुनुपर्नेछ :-

(क) कार्यक्षेत्र एक अर्कासँग खप्टिएको वा जोडिएको हुनुपर्ने,

(ख) एकै विषय वा प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि मूलतः एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने,

(ग) सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम रहनुपर्ने।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तह, वा जिल्लाको क्षेत्रभित्र पर्नेगरी गर्नु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित संघीय मन्त्रालयको पूर्व स्वीकृति विना सम्वत् २०४९ साल जेठ २ गतेभन्दा अघि दर्ता भएका साझा (सहकारी) संस्थाहरूलाई अर्को संस्थामा एकीकरण गरिने छैन।

(४) महिला मात्र सदस्य रहने संस्था महिला मात्र सदस्य रहने संस्थामा एकीकरण गर्न प्राथमिकता दिनु पर्नेछ।

तर विशेष रूपमा पिछडिएका समुदायमा स्थापित संस्थाको साङ्गठनिक गतिशीलतामा असर पर्ने गरी एकीकरण गरिने छैन।

(५) संघहरूको एकीकरण गर्दा विषयगत कार्य मिल्ने गरी गर्नु पर्नेछ।

२१. **एकीकरण सम्बन्धी अन्य व्यवस्थाः** (१) एकीकरणका अन्य शर्त, आधार र प्रक्रिया देहाय बमोजिम हुनेछनः-

(क) कुन-कुन संस्थाबीच एकीकरण हुने हो तत् तत् संस्थाको साधारण सभाबाट एकीकरण गर्ने निर्णय भएको हुनुपर्ने,

(ख) एकिकृत संस्थाको नाम एकिकृत हुने संस्थाहरुमध्ये कुन संस्थाको नाम राख्ने हो वा नयाँ नाम के राख्ने हो सोको उल्लेख गर्ने,

(ग) संस्थाको कार्यालय रहने स्थान उल्लेख गर्ने,

(घ) एकिकृत संस्थाको कार्यक्षेत्र कति रहने हो सोको एकिन गर्ने,

(ङ) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा वा संशोधन गर्ने हो उल्लेख गर्ने,

(च) शेयर पुँजीको रकम, विनियममा व्यवस्था भएका कोषहरुमा रहेको रकम एकिकृत संस्थामा के कति समावेश गर्ने र सोको उपयोग गर्ने तरिका,

(छ) एकिकृत हुने संस्थाहरुको सम्पत्ति र दायित्वको व्यवस्थापन सम्बन्धी विषय,

(२) उपनियम (१) बमोजिमको उल्लिखित आधार र प्रक्रिया पूरा गरी एकिकृत हुने संस्थाहरुको संयुक्त साधारण सभाबाट देहायका विषयहरु पारित गर्नु पर्नेछः-

(क) अनुसूची-११ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको शर्त तथा कार्यविधि सम्बन्धी विवरण,

(ख) एकिकृत हुने संस्थाहरुको अघिल्लो दिनसम्मको वासलात,

(ग) एकीकरण सम्बन्धी कार्यका लागि अधिकार प्रत्यायोजन गरी प्रतिनिधि तोक्ने कार्य,

(घ) विवाद समाधान उपसमिति गठन गर्ने,

(ङ) एकिकृत संघ/संस्थाहरुको सम्पत्ति प्रचलित कानून बमोजिम नामसारी गर्ने सम्बन्धी विषय,

(च) एकिकृत संघ/संस्थाहरुको ऋण, लगानी, ऋण असुली र भुक्तानी, बचत तथा ऋणको व्याज दर, सदस्यताको क्रमसङ्ख्या, शेयर प्रमाणपत्र लिनेदिने, कर्मचारी व्यवस्थापन, कारोबार स्थगन जस्ता विषयहरुमा छुटै व्यवस्था गर्नुपर्ने भए सो समेतको निर्णय गर्नुपर्ने।

(३) यस नियम बमोजिम एकीकरण हुने संस्थाले उपनियम (१) र (२) को प्रक्रिया पूरा गरिसकेपछि स्वीकृतिका लागि रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम पेश गर्दा देहायका कागजातहरु संलग्न गर्नु पर्नेछः-

(क) अनुसूची-१२ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको संयुक्त निवेदन,

(ख) अनुसूची-११ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको शर्त तथा कार्यविधि सम्बन्धी विवरण,

(ग) एकीकरण हुने संस्थाहरुको साधारण सभाबाट भएका निर्णयहरुको प्रमाणित प्रतिलिपि,

(घ) संयुक्त साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि,

(ङ) एकिकृत हुने संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखा परिक्षणको प्रतिवेदन,

(च) अधिकार प्रत्यायोजनको पत्र,

(छ) तदर्थ सञ्चालक समितिको नाम, थर र ठेगाना सहितको विवरण र नागरिकताको प्रतिलिपि,

(ज) एकीकरण हुने संस्थाको छुट्टाछुट्टै र संयुक्त वासलात,

(५) संघ/संस्था एक आपसमा एकीकरण गर्दा आवश्यकता अनुसार देहाय बमोजिमको सुविधा प्रदान गर्न सकिनेछः-

(क) एकीकृत हुने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोबार गरिरहेको कार्यक्षेत्र जोडिएको भएमा सोही कार्यक्षेत्रका अतिरिक्त व्यवसायिक आवश्यकताका आधारमा थप कार्यक्षेत्र समेत प्रदान गर्न सकिनेछ,

(ख) एकीकरण गर्दा ठूलो कार्यक्षेत्र रहेको अवस्था भए उपयुक्त स्थानमा सदस्यता सेवा केन्द्र खोल्न दिइनेछ।

२२. **सहकारी संस्थाको विभाजनः** (१) ऐनको दफा ६९ बमोजिम सहकारी संस्थाको विभाजन गरी दुई वा दुईभन्दा बढी संस्थाहरू कायम गर्दा देहायका शर्तहरू पूरा भएको हुनु पर्नेछ :-

(क) वचत तथा ऋणको मुख्य कारोबार भएको सहकारी संस्थाको हकमा सो को कार्यक्षेत्र स्थानीय तहको एक वडाभन्दा बढी भएको,

(ख) विभाजनको प्रक्रियाबाट स्थानीयकरण गर्दा संस्थाहरूको कार्य सञ्चालनमा सदस्यहरूको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको।

(२) सहकारी संस्था विभाजन गर्दा मौजुदा कारोबारको प्रकृति अनुसार ऐनको अनुसूची-३ बमोजिमको विषयगत वर्गीकरण मिल्ने गरी फरक-फरक भौगोलिक कार्यक्षेत्र कायम राखी विभाजन गर्न सकिनेछ।

## परिच्छेद-७
## लिक्विडेशन सम्बन्धी व्यवस्था

२३. **लिक्विडेटरको नियुक्तिः** (१) ऐनको दफा ७१ को उपदफा (२) बमोजिम पचास लाख रुपैयाँसम्मको सम्पत्ति भएको संस्थाको हकमा रजिष्ट्रारले आफू मातहतको अधिकृत कर्मचारीलाई लिक्विडेटर नियुक्त गर्न सक्नेछ।

(२) उपनियम (१) मा उल्लिखित परिमाणभन्दा बढी सम्पत्ति भएको सहकारी संस्थाको हकमा रजिष्ट्रारले सार्वजनिक

रुपमा सूचना प्रकाशन गरी प्रचलित कानून बमोजिम योग्यता पुगेको व्यक्तिलाई लिक्विडेटर नियुक्त गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम नियुक्त लिक्विडेटरलाई रजिष्ट्रारले लिक्विडेशन सम्बन्धी कार्यमा आवश्यक निर्देशन दिन सक्नेछ।

२४. **<u>लिक्विडेटरको काम, कर्तव्य र अधिकार</u>**ः (१) ऐनको दफा ७० बमोजिम दर्ता खारेज भएको सहकारी संस्थाको लिक्विडेटरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विघटन भएका सहकारी संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नका लागि सो सहकारी संस्थाका हालवाला वा साबिकवाला सदस्यहरू वा मृत सदस्यहरूको जायजेथाबाट बाँकी रकम नियम १९ बमोजिम असुल उपर गर्ने,

(ख) विघटन भएका सहकारी संस्थासँग कुनै साहुको कुनै रकम बाँकी लागिराखेको रहेछ र सो संस्थाकै हिसाबकिताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्यादभित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बाँकी लागेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दाबी गर्न आउनु भनी सूचना जारी गर्ने,

(ग) साहुहरूमध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने,

(घ) सहकारी संस्था विघटन गर्ने सिलसिलामा सहकारी संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाले गरेको वा सहकारी संस्थाको विरुद्धमा गरिएको दाबीको सम्बन्धमा दुवै पक्ष बीचमा मिलापत्र गराउने,

(च) विघटनका लागि आवश्यक देखेमा सदस्यहरूको बैठक बोलाउने,

(छ) सहकारी संस्थाको खाता बही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने,

(ज) सहकारी संस्थाको सम्पत्ति र दायित्व यकिन गर्ने,

(झ) सहकारी संस्थाको सम्पत्ति बेच बिखन गर्ने,

(ञ) सरोकारवालाहरूसँग समेतको परामर्शमा सहकारी संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने।

(२) उपनियम (१) बमोजिमको अधिकारको प्रयोग गर्दा लिक्विडेटरले आवश्यक सम्झेमा सहकारी संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न सम्बन्धित सरोकारवाला र संस्था वा संघको कुनै कर्मचारीलाई आफू समक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ।

२५. **लिक्विडेशन नियन्त्रण गर्ने रजिष्ट्रारको अधिकार**ः नियम २४ बमोजिमको अधिकार प्रयोग गरी लिक्विडेटरले गरेको कामलाई रजिष्ट्रारले दोहोर्‍याई हेरी देहाय बमोजिम गर्न सक्नेछ :-

(क) निर्देशन विपरीत लिक्विडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,

(ख) संस्था वा संघको खाता बही, कागजात, लिखत र जायजेथाहरू पेस गराउन,

(ग) नियम २४ बमोजिमको लिक्विडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद-बन्देज तोकिदिन,

(घ) लिक्विडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) नियम २४ को खण्ड (ङ) बमोजिम मिलापत्र गराउने र खण्ड (ञ) बमोजिम जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गरिदिन,

(च) लिक्विडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन,

(छ) लिक्विडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न।

२६. **<u>दायित्व भुक्तानी</u>**: (१) ऐनको दफा ७० अन्तर्गत दर्ता खारेज वा विघटन भएको सहकारी संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकताक्रम अनुसार देहायको कार्यका लागि खर्च गर्न सकिनेछः-

(क) विघटनको कामको निमित्त भएका खर्चहरू फछ्र्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न

(ग) कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरू दिन,

(च) शेयर पुँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समयजतिको हकमा लाभांश वितरण गर्न।

(२) कुनै सहकारी संस्थाको विघटनको काम समाप्त भइसकेपछि पनि सो संस्थाको कुनै साहुले पाउनुपर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोष उपर त्यस्तो साहुले आफूले पाउनुपर्ने रकमको लागि दाबी गरिसक्नु पर्नेछ र सो म्याद नाघेपछि परेको दाबी उपर कुनै कारबाही हुने छैन।

२७. **लिक्विडेशनपछिको सम्पत्तिको उपयोगः** (१) ऐनको दफा ७२ बमोजिम सहकारी संस्थाको लिक्विडेशन पश्चात् नियम २६ बमोजिम सबै दायित्व भुक्तान गरी बाँकी रहेको सम्पत्ति रजिष्ट्रारको निर्देशन बमोजिम देहायको प्राथमिकताक्रम अनुसार हस्तान्तरण गर्न सकिनेछ :-

(क) विघटित सहकारी संस्थाको कार्यक्षेत्रमा सेवा पुऱ्याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै सहकारी संस्था,

(ख) विघटित सहकारी संस्था सदस्य भएको सोही प्रकृतिको माथिल्लो संघ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले मन्त्रालयको सिफारिसमा नियम २६ को उपनियम (१) अनुसार खर्च गरिसकेपछि बाँकी रहन आएको सहकारी संस्थाको कोषको रकम सहकारी आन्दोलनलाई योगदान पुऱ्याउने

अन्य कुनै निकायलाई हस्तान्तरण गर्न वा स्थानीय सामुदायिक शिक्षा वा स्वास्थ्यसँग सम्बन्धित वा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलाई प्रत्यक्ष फाइदा पुग्ने स्थानीय सामुदायिक विकासको प्रयोजनका लागि हस्तान्तरण गर्न सक्नेछ।

## परिच्छेद-८

## विविध

२८. **रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः** (१) ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सहकारी संस्था वा संघ दर्ता गर्नका लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाले आफ्नो कार्यसञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने

(ग) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारणसम्बन्धी कार्य गर्ने,

(घ) नियमितरूपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरूको निरन्तर अनुगमन गरी आवश्यक निर्देशन दिने

(ङ) सहकारी संस्थाहरूको लेखापरीक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण

नगराउने सहकारी संस्थाहरूको लेखापरीक्षण गराउन सक्नेछ□

(च) विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहीन कृषक, बेरोजगार श्रमिक र दलित तथा अल्पसङ्ख्यक जनजातिसमेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्व-रोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने□

(छ) सहकारी व्यवसाय, कृषि उपजको मूल्य शृङ्खला विकास एवं तत्सम्बन्धी अन्तरसहकारी कारोबारका आयोजनाहरूलाई सहयोग पुऱ्याउने□

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ञ) ऐन, यस नियमावली अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरूलाई ऐनमा भएको व्यवस्था बमोजिम जरिबाना तथा अन्य कारबाही गर्ने,

(ट) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाको वार्षिक निरीक्षण प्रतिवेदन मन्त्रालयमा पेस गर्ने,

(ठ) निष्कृय अवस्थामा रहेका साझा सहकारी संस्थाहरूलाई सकृय बनाउन आवश्यक कार्य गर्ने,

(ड) सहकारी संस्थाको सेवा केन्द्र, सङ्कलन केन्द्र तथा बिक्री केन्द्र सञ्चालनको अनुमति दिने,

(ढ) प्रचलित कानून बमोजिम सहकारीहरुले प्राप्त गर्ने छुट सुविधा, सहुलियत उपलब्ध गराउन आवश्यक जाँचबुझ गरी सिफारिस गर्ने,

(ण) ऐन, यस नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने।

(२) रजिष्ट्रारले ऐन तथा यस नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये केही अधिकार आवश्यकता अनुसार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

२९. **वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विवरणः** ऐनको दफा ८० मा उल्लिखित विवरणको अतिरिक्त रजिष्ट्रारले पेश गर्ने वार्षिक निरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने अन्य विषयहरू मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

३०. **ऋण लगानी सम्बन्धी व्यवस्थाः** (१) संस्थाले सदस्यहरुलाई पाँच लाख रुपैयाँ भन्दा बढी ऋण प्रदान गर्दा जमानत वा सुरक्षण लिएर मात्र ऋण प्रदान गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम ऋण प्रदान गर्दा एकै व्यक्तिलाई संस्थाको तत्काल कायम रहेको कुल पुँजीकोषको बीस प्रतिशतभन्दा बढी नहुने गरी प्रदान गर्नु पर्नेछ।

३१. **प्रतिनिधि पठाउन सकिने**: (१) ऐनको दफा १०५ बमोजिम संघको साधारण सभामा प्रतिनिधि पठाउँदा संघको विनियममा व्यवस्था भए बमोजिम सदस्य संस्थाको सदस्य सङ्ख्याको अनुपातको आधारमा बढीमा पाँच जनासम्म पठाउन सकिनेछ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित संस्थाले प्रतिनिधि पठाउँदा मताधिकार प्रयोग गर्ने प्रतिनिधि तोकी पठाउनु पर्नेछ।

३२. **अन्तर सहकारी कारोबार**: (१) ऐनको दफा १०८ बमोजिम अन्तर सहकारी कारोबार गर्दा संलग्न संस्थाहरूको विनियममा निर्धारित सदस्यहरूको आवश्यकताको आधार लिएको हुनु पर्नेछ।

(२) संघले सदस्यस्तरका स्थानीय उत्पादनको मूल्य शृङ्खला विकाससँग सम्बन्धित अन्तर सहकारी कारोबारलाई बढवा दिने गरी संयोजन गर्न सक्नेछ।

(३) अन्तर सहकारी कारोबारमा संलग्न विभिन्न संस्थाहरूले आफ्ना सदस्यहरूबाट उत्पादित उपज अग्रणी संस्था (लिड को-अपरेटिभ) को अवधारणाबाट कुनै एक संस्थामार्फत सङ्कलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन्।

(४) सहकारी संस्थाले विनियममा व्यवस्था गरी विद्युतीय प्रणाली मार्फत् आफ्ना सदस्यले नेपाल भरको कुनै सहकारी संस्थाबाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सक्ने गरी अन्तर सहकारी कारोबार गर्न सक्नेछ।

३३. **<u>सदस्य सेवा केन्द्र वा सम्पर्क कार्यालय खोल्ने सम्बन्धमा</u>:** (१) कुनै सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई सहज रुपमा सेवा प्रदान गर्ने उद्देश्यले सदस्य सेवा केन्द्र वा सम्पर्क कार्यालय स्थापना गरी सञ्चालन गर्न रजिष्ट्रारबाट अनुमति लिनुपर्ने छ।

(२) उपनियम (१) बमोजिम अनुमति लिंदा देहाय बमोजिमका प्रक्रिया पूरा गर्नु पर्नेछः-

(क) साधारण सभाबाट स्थान सहित स्पष्ट निर्णय भएको हुनुपर्ने,

(ख) संस्थाको कुल सदस्य सङ्ख्याको पहिलो एक हजार पछिको प्रत्येक हजारमा एकवटाका दरले सेवा केन्द्र वा सम्पर्क कार्यालय खोल्न सकिनेछ,

(ग) शेयर पुँजी कम्तीमा एक करोड पचास लाख हुनुपर्ने,

(घ) पछिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदनमा संस्था नाफामा देखिएको हुनुपर्ने,

(ङ) प्राथमिक पुँजीकोष र वचतको अनुपात १:१५ हुनुपर्ने,

(च) साधारण सभा सञ्चालक र लेखा समितिको निर्वाचन नियमित भएको हुनुपर्ने,

(छ) सदस्य सशक्तिकरणमा सहयोग पुग्ने अवस्था भएको हुनुपर्ने,

(३) उपनियम (२) बमोजिम प्रक्रिया पूरा गरी उपनियम (१) बमोजिमको अनुमति लिन देहाय बमोजिम कागजातहरु पेश गर्नु पर्नेछः-

(क) अनुमति माग गरिएको संस्थाको पत्र,

(ख) साधारण सभाको प्रमाणित निर्णय प्रतिलिपि,
(ग) संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(घ) विनियमको प्रतिलिपि,
(ङ) पछिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि,
(च) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
(छ) सञ्चालक समितिका पदाधिकारीको नाम ठेगाना र सम्पर्क नम्वर खुलेको विवरण,
(ज) सेवा केन्द्र रहने स्थानको नक्साङ्कन,
(झ) सञ्चालन हुने सेवा केन्द्र वा सम्पर्क कार्यालयबाट सेवा प्राप्त गर्ने सदस्यको माग निवेदन र निजहरुको शेयर प्रमाणपत्र र नागरिकताको छाँया कपि
(ञ) सम्बन्धित स्थानीय तहको सहमति पत्र,
(ट) सम्बन्धित जिल्ला संघको सिफारिस पत्र।

(४) संघले सदस्य सेवा केन्द्र वा सम्पर्क कार्यालयको अनुमतिका लागि उपनियम (२) को खण्ड (क), (घ), (च) र (छ) को प्रक्रिया पूरा गरी उपनियम (३) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) मा उल्लिखित कागजातहरु पेश गर्नुपर्ने छ।

३४. **<u>विवाद निरूपण समितिको गठनः</u>** (१) ऐनको दफा ११० बमोजिमको विवाद निरूपण समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) रजिष्ट्रारले तोकेको व्यक्ति - संयोजक
(ख) प्रदेश सहकारी विकास

बोर्डको प्रतिनिधि - सदस्य

(ग) प्रदेश सहकारी संघको प्रतिनिधि - सदस्य

(२) उपनियम (१) बमोजिमको समितिले विवादसँग सम्बन्धित सहकारी संस्थाका एक-एक प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रित गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं तय गर्न सक्नेछ।

३५. **मुद्दाको प्रतिरक्षा सम्बन्धी व्यवस्था**: ऐनको परिच्छेद १६ बमोजिम समस्याग्रस्त संस्था वा संघको सम्बन्धमा व्यवस्थापन समितिले गरेको निर्णय वा काम कारबाहीको विषयमा कुनै अदालत वा अर्धन्यायिक निकायमा मुद्दा वा विवाद परेमा सोको प्रतिरक्षा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट खटिएको सरकारी वकीलबाट हुनेछ।

३६. **जानकारी दिनुपर्ने**: यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेशको नियमन क्षेत्राधिकार अन्तर्गत रहेको सहकारी संस्थाले अनुमति लिई सेवा केन्द्र वा सम्पर्क कार्यालय वा संकलन केन्द्र वा अन्य माध्यमबाट सेवा सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहमा जानकारी दिनु पर्नेछ।

३७. **प्रदेश सहकारी विकास बोर्डको काम, कर्तव्य र अधिकार**: ऐनको दफा १२० को उपदफा (५) बमोजिम बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारिताको माध्यमबाट सहकारी क्षेत्रको प्रबर्द्धन तथा विकासका लागि आवश्यक नीतिहरु तर्जुमा गरी प्रदेश सरकार समक्ष पेश गर्ने,

(ख) सहकारी विकाससँग सम्वन्धित नीति निर्माण र विकास योजना तर्जुमाको लागि प्रदेश सरकारलाई आवश्यक सहयोग पुर्याउने,

(ग) सहकारी संघ/संस्थाहरुको विकास एवम् प्रवर्द्धनका लागि तय भएका नीतिहरुको कार्यान्वयन गर्ने गराउने,

(घ) सहकारी विकास कोष खडा गरी सहकारी संघ/संस्थालाई ऋण अनुदान प्रदान गर्ने वा आवश्यक पुँजी उपब्ध गराउने,

(ङ) सहकारी सम्बन्धी आवश्यक अध्ययन अनुसन्धान गराउने,

(च) सहकारी संघ/संस्थाहरुलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,

(छ) संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, सहकारी संघ/संस्था, गैर सरकारी सस्था बीच आवश्यक समन्वयात्मक सहयोग पुर्याउने,

(ज) स्वदेशी तथा विदेशी लगानीकर्ता विभिन्न संघ/संस्था र प्रदेश सरकार बीच सहकारीको क्षेत्रमा औधोगिक विकासका लागि संयुक्त लगानीका लागि सहयोगात्मक भूमिका निर्वाह गर्ने,

(झ) सहकारीताको माध्यमबाट निम्न स्तरका व्यक्तिहरुको आर्थिक तथा सामाजिक स्तरमा सुधार ल्याउने विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने,

(ञ) सहकारीका सदस्यहरुमा उद्यमशीलताको विकास गराउने,

(ट) सहकारी क्षेत्रबाट हुने उत्पदान प्रशोधन र बजारीकरणमा सहयोग पुर्याउने,

(ठ) सहकारी शिक्षाको विकास र विस्तार गर्ने,

(ड) सहकारीको पूर्वाधार विकासमा सहयोग पुर्याउने,

(ढ) सहकारी विकासका नयाँ नयाँ क्षेत्रहरु पहिचान गरी जोखिम र लगानीका दृष्टिले साधारणतया सहकारी संघ/संस्थाहरुले सञ्चालन गर्न नसकेका सम्भाव्य व्यावसायिक आयोजनाहरु सञ्चालन गर्ने गराउने,

(ण) सहकारी आन्दोलनको सुदृढीकरणमा सहायता पुर्याउने,

(त) सहकारी मूल्य मान्यता र सिद्धान्तको परिपालना गराउने,

(थ) सहकारीताको प्रचार प्रसार र सूचनाको माध्यमबाट आमजनमानसमा सहकारी प्रति सकारात्मक जागरण ल्याउने,

(द) व्यवस्थापन र व्यवसायिक तथा सीपमूलक प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने,

(ध) नवीन प्रविधिको प्रयोगमा सहयोग पुर्याइ सहकारी क्षेत्रलाई प्रतिस्पर्धी बनाउने,

(न) सहकारीको प्रवर्द्धन र विकाससँग सम्बन्धित अन्य कार्यहरु गर्ने।

३८. **उपाध्यक्ष र सदस्य सचिवको काम, कर्तव्य र अधिकार**ः ऐनको दफा १२१ को उपदफा (२) बमोजिम उपाध्यक्ष र सदस्य

सचिवको काम कर्तव्य र अधिकार बोर्डको विनियमावलिमा तोकिए बमोजिम हुनेछ।

३९. **<u>मापदण्ड, निर्देशिका वा कार्यविधि विनियमावली बनाउन सक्नेः</u>** (१) यस नियमको अधिनमा रही मन्त्रालयले आवश्यकता अनुसार मापदण्ड निर्देशिका र कार्यविधि तथा प्रदेश सहकारी विकास बोर्डले प्रदेश सरकारको स्वीकृतिमा आवश्यकता अनुसार विनियमावली बनाई लागू गर्न सक्नेछ।

अनुसूची-१

(नियम ५ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

**भावी योजना र कार्यक्रम**

संस्था/संघको नाम :-

ठेगाना :-

(क) उद्देश्य :-

(१) ......... .............. ................ ............ ........... ............

(२) ......... .............. ................ ............ ........... ............

(३) ......... .............. ................ ............ ........... ............

(ख) कार्यहरू :-

(१) ......... .............. ................ ............ ........... ............

(२) ......... .............. ................ ............ ........... ............

(३) ......... .............. ................ ............ ........... ............

(४) ......... .............. ................ ............ ........... ............

(५) ......... .............. ................ ............ ........... ............

(६) ......... .............. ................ ............ ........... ............

(ग) आगामी तीन वर्षपछिको अवस्था प्रक्षेपण

१. सदस्यता विस्तार लक्ष्य

| **विवरण** | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **कैफियत** |
|---|---|---|---|---|
| • सदस्य (संघ संस्था) सङ्ख्या | | | | |
| -महिला | | | | |
| -पुरुष | | | | |
| -जम्मा | | | | |
| • जम्मा सदस्यमा दलित | | | | |

(२) व्यावसायिक सेवा विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य (संघ संस्था) सङ्ख्या | | | | |
| -परिमाण (......) | | | | |
| -रकम (रु.) | | | | |
| -लाभान्वित हुने सदस्य (जना) | | | | |
| • सदस्य (संघ संस्था)लाई वस्तु वा सेवा बिक्री | | | | |
| -परिमाण (......) | | | | |
| -रकम (रु.) | | | | |
| -लाभान्वित हुने सदस्य (जना) | | | | |
| • सदस्य (संस्थाका सदस्य) लाई रोजगारीको अवसर सृजना<br>-प्रत्यक्ष पूर्णकालीन (जना)<br>-अप्रत्यक्ष पूर्णकालीन (वर्षमा २,०८० घण्टाको १ जनाको हिसाबमा जम्मा जना) | | | | |
| • सदस्य (संस्थाका सदस्य) लाई ऋण सेवा (वार्षिक)<br>– रकम (रु.)<br>– जना | | | | |
| – सदस्य (संस्थाका सदस्य) लाई बचत सेवा (मौज्दात)<br>– रकम (रु.)<br>– जना | | | | |

(३) सहकारी गतिविधि विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य शिक्षा (वार्षिक जना) | | | | |
| • गाउँ/टोल/उपक्षेत्रीय सदस्य बैठकहरू आयोजना (वार्षिक पटक) | | | | |
| • सामुदायिक विकासका योजनाहरू सञ्चालन | | | | |

(घ) पुँजीको स्रोत र उपयोग

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • आवश्यकता | | | | |
| - स्थीर पुँजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर आदि) | | | | |
| - चालू पुँजीतर्फ (मौज्दात मालसामान, उधारो बिक्री, नगद मौज्दात आदि) | | | | |
| - ऋण लगानीतर्फ | | | | |
| - जम्मा | | | | |
| • स्रोत | | | | |
| - शेयर पुँजी | | | | |
| - जगेडा कोष | | | | |
| - अन्य (......) | | | | |
| - सदस्यको बचत (सदस्यलाई | | | | |

| | | | | |
|---|---|---|---|---|
| ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

. कार्यान्वयन जिम्मेवारी बाँडफाँड

(ङ) सञ्चालक समितिको जिम्मेवारी

.

.

.

.

(च) लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

.

.

.

.

(छ) व्यवस्थापन कर्मचारीहरूको जिम्मेवारी

.

.

.

.

(ज) प्रत्येक सदस्यको जिम्मेवारी

.

.

.

.

(झ) कार्ययोजनाबाट सदस्य (संस्थाका सदस्य)हरूको जीवनमा पर्ने प्रभावका सूचकहरू

(ञ) कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधि

अनुसूची-२

(नियम ५ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

**शेयर सङ्ख्या र शेयर रकमको विवरण फारमको ढाँचा**

| सि. नं. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | आवेदकको नाम, थर | उमेर | ठेगाना | पेसा | सदस्यले लिन स्वीकार गरेको शेयरको विवरण | | | सम्पर्क नं. | औंठाछाप | फोटो र फोटोमा पर्ने गरी सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रतिशेयर रकम रु. | खरिद शेयर सङ्ख्या | शेयरको जम्मा रकम रु. | | | |
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | | |

अनुसूची-३

(नियम ५ को उपनियम (१) को खण्ड (घ) र नियम २२ को उपनियम (२)सँग सम्बन्धित)

**भरपाईको ढाँचा**

भरपाई दादै प्रस्तावित..................... सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका ....................... श्री ........................ ..........................आगे उक्त सहकारी संस्था लि. का सदस्यहरूको............प्रारम्भिक भेलाको मिति....................को निर्णय बमोजिम प्रतिशेयर रु...........।- का दरले............... जनाबाट जम्मा ............................ कित्ताको हुन आउने जम्मा रकम रु. ...................................................... (अक्षरेपि.......................................... मात्र) र प्रवेश शुल्क प्रतिव्यक्ति रु. .........।- का दरले हुन आउने रु. ................।- (अक्षरेपि........ ................................मात्र) गरी जम्मा रु. ................।- (अक्षरेपि.............................................. मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भरपाई सही छाप गरी ...................... कार्यालयमा पेस गरेको छु। प्राप्त रकम हाल मेरो ..........................मा रहेको ............हिसाब नं. ........................मा जम्मा गरी बैङ्क भौचर दाखिला गरेको छु। उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राखेछु र संस्थाको बैङ्क खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु। फरक परेमा कानून बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ।

इति संवत् २०...... साल ........ महिना .... गते रोज ....शुभम्।

अनुसूची-४

(नियम ५ को उपनियम (१) को खण्ड (ङ) सँग सम्बन्धित)

**तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फारामको ढाँचा**

| सि. नं. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेसा | निर्वाचित मिति | बहाल रहने अवधि | औंठाछाप | फोटो र फोटोमा पर्ने गरी सहीछाप | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |

## अनुसूची-५

(नियम ५ को उपनियम (१) को खण्ड (च) सँग सम्बन्धित)

## **स्व-घोषणापत्रको ढाँचा**

प्रस्तावित श्री ................................. सहकारी संस्था लि.दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरूले प्रचलित कानून सम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक–सामाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व–घोषणा गर्दछौं :-

हामी आवेदकहरू कोही पनि,-

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं;
- बैङ्क, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/संघ/बैङ्कको कानून बमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौं;
- यसअघि सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं;
- सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा सजाय पाएका व्यक्ति हैनौं र
- सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानून बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं।

उपर्युक्त बेहोरा ठीक, साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्ने :-

| सि.नं. | आवेदकको नाम, थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

अनुसूची-६

(नियम ५ को उपनियम (१) को खण्ड (छ) सँग सम्बन्धित)

## अधिकार प्रत्यायोजन पत्रको ढाँचा

मिति : २०...।...।...

श्री रजिष्ट्रारज्यू !

.................................................................।

विषय :अधिकार प्रत्यायोजन।

महोदय,

यस प्रस्तावित......................... सहकारी संस्था/संघ लि. को मिति २०...।...।... मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम कारबाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका ....... श्री ............., ................ श्री ................ र ..................... श्री ..................... समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं। निजहरूले हाम्रो प्रतिनिधिको रूपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको—

| नाम, थर | ठेगाना | पद | दस्तखत नमुना |
|---|---|---|---|
| (१) श्री .................................. | | | |
| (२) श्री .................................. | | | |
| (३) श्री .................................. | | | |

आवेदकहरूको-

| सि.नं. | नाम, थर | ठेगाना | सहीछाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

**द्रस्टव्य** : अधिकार प्रत्यायोजन-पत्रमा आवदेक सबैको विवरण समावेश गर्नु पर्नेछ।

अनुसूची-७

(नियम ५ को उपनियम (१) को खण्ड (ठ) सम्बन्धित)

**संघ दर्ताका लागि आवेदन दिने संघ संस्थाहरूको विवरण**

| सि.नं. | आवेदक संघ/संस्थाको नाम | दर्ता नं. र मिति | ठेगाना | विषयगत वर्गीकरण | कार्यक्षेत्र | सदस्य सङ्ख्या | शेयर पुँजी | जगेडा कोष | खरिद गर्ने शेयरको विवरण | | | आधिकारिक प्रतिनिधिको नाम, थर | सहीछाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रतिशेयर रकम रु. | खरिद शेयर सङ्ख्या | शेयरको जम्मा रकम रु. | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

अनुसूची-८

(नियम ५ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

**विशिष्टीकृत संघ दर्ताका लागि आवेदन दिने संस्थाहरूको विवरण**

| सि. नं. | आवेदक संस्थाको नाम | दर्ता नं. र मिति | ठेगाना | विषयगत वर्गीकरण | कार्यक्षेत्र | सदस्य सङ्ख्या | शेयर पुंजी | जगेडा कोष | कारोबारको अवस्था | | | | | खरिद गर्ने शेयरको विवरण | | | सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | जम्मा बचत रकम रु. | जम्मा ऋण लगानी रु. | पछिल्लो आ.व. को जम्मा खरिद रु. | पछिल्लो आ.व. को जम्मा बिक्री रु. | पछिल्लो आ.व. को नाफा/घाटा रकम रु | प्रतिशेयर रकम रु. | खरिद शेयर सङ्ख्या | शेयरको जम्मा रकम रु. | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

अनुसूची-९

(नियम ९ सँग सम्बन्धित)

**विनियममा उल्लेख गर्नुपर्ने विषयहरू**

प्रस्तावना

(१) संक्षिप्त नाम र प्रारम्भ

(२) संस्थाको नाम र ठेगाना

(३) परिभाषा

(४) उद्देश्य

(५) कार्य

(६) कार्यक्षेत्र

(७) संस्थाको सदस्य

(८) सदस्यताको योग्यता

(९) सदस्यताका लागि निवेदन र प्राप्ति

(१०) सदस्यताको अन्त्य

(११) सदस्यको निष्कासन

(१२) सदस्यताबाट राजीनामा

(१३) पुनः सदस्यता

(१४) सदस्यको काम, कर्तव्य र अधिकार

(१५) सदस्यता खुला रहने

(१६) सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने

(१७) शेयर पुँजी

(१८) सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने

(१९) थप शेयर खरिद गर्न सक्ने

(२०) शेयर फिर्ता वा हस्तान्तरण

(२१) प्रवेश शुल्क

(२२) कृत्रिम छेकबार नलगाइने

(२३) शेयर प्रमाण-पत्र

(२४) सदस्यको दायित्व सीमित हुने

(२५) प्रारम्भिक साधारण सभा

(२६) वार्षिक साधारण सभा

(२७) विशेष साधारण सभा

(२८) साधारण सभाको बैठक

(२९) साधारण सभाको काम, कर्तव्य र अधिकार

(३०) साधारण सभाको निर्णय अनिवार्य हुने

(३१) सञ्चालक समिति

(३२) समितिको काम, कर्तव्य र अधिकार

(३३) समितिको बैठक

(३४) लेखा सुपरिवेक्षण समिति

(३५) उत्तरदायित्व शृङ्खला

(३६) अध्यक्षको काम, कर्तव्य र अधिकार

(३७) व्यवस्थापकको नियुक्ति

(३८) व्यवस्थापकको काम, कर्तव्य र अधिकार

(३९) विशेष जिम्मेवारी

(४०) कर्मचारीको नियुक्ति तथा सेवाका शर्त

(४१) संस्थाको कोष

(४२) कोषको सुरक्षा

(४३) कोषको उपयोग

(४४) जगेडा कोष

(४५) संरक्षित पुँजी फिर्ता

(४६) लाभांश वितरण नगरिने

(४७) जगेडा कोषमा रकम सार्नुपर्ने

(४८) बचत सङ्कलन गर्न सक्ने/नसक्ने

(४९) बचत सङ्कलनमा सीमा

(५०) ऋण दिन सक्ने

(५१) ऋण प्रवाहमा सीमा

(५२) ऋणबाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने

(५३) साधारण सभाको स्वीकृति लिनुपर्ने
(५४) सदस्य केन्द्रीयता
(५५) स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध
(५६) जोखिम मूल्याङ्कन
(५७) कारोबार नगरिने
(५८) कारोबारको लेखा
(५९) खाताबही
(६०) आन्तरिक हिसाब जाँच
(६१) वार्षिक हिसाब जाँच
(६२) विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने
(६३) अन्य आधारभूत कागजात
(६४) एकीकृत सूचना प्रणालीमा आबद्धता
(६५) रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवेदन
(६६) वित्तीय जानकारी एकाइमा प्रतिवेदन
(६७) साधारण सभामा जानकारी गराउनुपर्ने
(६८) हकवालाको मनोनयन
(६९) हक दाबी वा नामसारी
(७०) निर्वाचन
(७१) शपथग्रहण
(७२) एकीकरण वा विभाजन
(७३) कार्यान्वयन अधिकारी
(७४) मध्यस्थता
(७५) समानता र समता
(७६) विनियम संशोधन
(७७) साधारण सभाले कार्यविधि बनाउन सक्ने
(७८) व्याख्या गर्ने अधिकार
(७९) ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने।

अनुसूची-१०

(नियम १७ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

**सदस्य दर्ता किताब**

| सि.नं. | बाबु/ससुराको नाम | पति/पत्निको नाम | सदस्यको नाम | उमेर | ठेगाना | पेसा | खरिद गरेको शेयर सङ्ख्या | सदस्य भएको मिति | मनोनीत हकवालाको नाम | उमेर | ठेगाना | दस्तखत वा सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसुची-११

(नियम २१ को उपनियम (२) को खण्ड (क) र उपनियम (४) को खण्ड(ख) सँग सम्बन्धित)

**एकीकरणका शर्त तथा कार्यविधि ढाँचा फारम**

सहकारी ऐन, नियम, मापदण्ड तथा संस्थाको विनियममा भएको व्यवस्था अनुसार ................बचत तथा ऋण सहकारी संस्था लि. र ................. बचत तथा ऋण सहकारी संस्था लि.को एकीकरण गर्दा शर्त र कार्यविधि खोली एकीकरण प्रक्रियालाई अघि बढाउनु पर्ने भएकोले निम्न लिखित शर्त र कार्यविधिका अधिनमा रहि एकीकरण कार्य सम्पन्न गर्ने यस साधारण सभाले गरेको निर्णय कार्यान्वयनका लागि डिभिजन सहकारी कार्यालयमा अनुरोध गर्ने समेत निर्णय गरियो।

| क.सं. | विषय | एकीकरण | एकीकरणको कार्यविधि | कैफियत |
|---|---|---|---|---|
| १ | नाम | १. ............ सहकारी संस्था. लि., (दर्ता नं............ दर्ता गर्ने निकाय)<br>२. ............ सहकारी संस्था लि., (दर्ता नं............ दर्ता गर्ने निकाय)<br>उल्लिखित दुवै संघ/संस्थालाई एकीकृत गरी .......... सहकारी संस्था लि. कायम गर्ने | दुबै संघ/संस्थाको साधारण सभाबाट पारित गराई ......... कार्यालय, ..............बाट एकीकरणको स्वीकृति लिई संस्था "............." को नामबाट सञ्चालन गर्ने। | |
| २ | कार्यालय | दुई वटै संस्थाको कार्यालय एउटै बनाउने। | ...................सहकारी संघ/संस्था लि. संस्थाको कार्यालय भवनबाट कार्यसेवा सञ्चालन गर्ने। | |
| ३ | कार्य क्षेत्र | दुई वटै संस्थाको कार्यक्षेत्र एकीकृत रुपमा रहने र कार्यक्षेत्रमा आफ्नो सदस्यहरुलाई सेवा | एकिकृत हुने संस्थाको कार्यक्षेत्र .................. भरी रहनेछ। | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रदान गर्ने। | | |
| ४ | विनियम | दुई वटै संस्था एकीकृत भएपछि एउटा मात्र संस्थाको विनिमय स्वीकृति गरिने। | .......... सहकारी संघ/संस्थाको विनियम ........... को स्वीकार गरी सोही विनियम अनुसार कार्य सञ्चालन गर्ने। | |
| ५ | शेयर रकम | दुई वटै संस्था शेयर रकम एकिकृत गर्ने।यस वर्षको एकिकृत हुन आउने रकम पनि संयुक्त रुपमा समावेश गरिने। | ............. लेखापरीक्षण अनुसारको शेयर रकम जम्मा गरि एउटा संस्थामा समावेश गर्ने। ........... को शेयर रु ............ को शेयर रु.............. जम्मा रु ........ | |
| ६ | संस्थाका कोषहरु | दुई वटै संस्थाको कोषको रकम एकीकृत गरी समावेश गर्ने। वितरण गर्न मिल्ने कोषहरु सदस्यहरुलाई वितरण गर्ने, नमिल्ने कोषहरु यथावत राखि एकीकृत गर्ने। यसरी एकीकृत गरेपछि नियमानुसार कोषको उपयोग गर्ने। | वितरण गर्न मिल्ने कोषहरु सम्वन्धित संस्थाका सदस्यहरुलाई वितरण गर्ने, कर्मचारीलाई वितरण गर्ने कोष पनि वितरण गर्ने र बाँकी कोषहरु नियमानुसार उपयोग गर्ने।<br>वितरण गर्न मिल्ने कोषहरुको विवरण<br>............... सहकारी संस्था लि.,<br>............... सहकारी संस्था लि. को<br>कोषहरुको नाम<br>जम्माः<br>१.शेयर लाभांसः<br>२.सुरक्षण पुँजि फिर्ताः<br>३. कर्मचारी बोनस<br>जम्माः | |

| | | | | |
|---|---|---|---|---|
| | | | एकिकृत गरी कोषमा राखे कोषहरु<br>१. जगेडा कोष<br>२. सहकारी शिक्षा कोषः<br>३. घाटा पुर्ति<br>४. डुवन्त ऋण कोष<br>५. सहकारी विकास कोष<br>६. संरक्षित कोष<br>७. समितिले तोकेको अन्य कोष<br>जम्मा | |
| ७ | दायित्व | दुई वटै संस्थाको चुक्ता गर्नुपर्ने दायित्व एकीकरण पश्चात नै चुक्ता गर्ने अथवा दायित्व वहनको जिम्मेवारी .............. सहकारी संस्था लि.मा रहने | ............... सहकारी संस्था लि. र ....................सहकारी संस्था लि.,संस्थाको दायित्व र दुईवटै संस्थाको दायित्व एकिकृत गरी ............... सहकारी संस्था लि.बाट फछ्यौट गर्ने। | |
| ८ | लगानी हिसाब | दुई वटै संस्थाको छाता संघहरुमा रहेको लगानी हिसाब एकीकृत गरी ............सहकारी संस्था लि.को नाममा कायम गर्ने। दुई वटा संस्थाको लगानी रकम सम्वन्धित छाता संघवाट फिर्ता लिई आम्दानी बाँध्ने। | निम्न लगानी हिसाब एकीकृत गरी ...........सहकारी संस्था लि.को नाममा कायम गर्ने। फिर्ता गर्न् मिल्ने रकम फिर्ता लिई .......... सहकारी संस्था लि.को नाममा आम्दानी बाँध्ने र सो कार्यका लागि छाता संघहरुबाट पत्राचार गर्ने।<br>लगानी भएको संस्था<br>१. श्री ......................... को रु.<br>२. श्री ....................... रु. | |

| | | | | |
|---|---|---|---|---|
| | | | ३. श्री ............................... को रु. | |
| ९ | ऋण लगानी | दुई वटै संस्थाका आफ्ना सदस्यहरुलाई लगानी गरेको ऋण रकम एकीकृत गरी ............. सहकारी संस्था लि.मा समावेश गर्ने। | ................ सहकारी संस्था लि. र ............. सहकारी संस्था लि.,बिच एकीकृत भएपछि उल्लेखित संस्थाका ऋणी सदस्यहरुले ......... सहकारी संस्था लि.को नाममा उक्त ऋण सार्ने व्यवस्था बमोजिम। यसका लागि .............. सम्म समय दिने व्याज मात्र बुझाएर ऋणी सदस्यहरुको ऋण ...........सहकारी संस्था लि.बाट उपलव्ध गराउने व्यवस्था मिलाउने। | |
| १० | बचत हिसाब | .......... सहकारी संस्था लि. र .......... सहकारी संस्था लि.,समेतका सबै खालका बचतहरु एकीकृत रुपमा समावेश गर्ने। | ............. र ............. द्वारा संचालित बचत कार्यक्रमहरु ............सहकारी संस्था लि.को शेयर सदस्यहरुको नाममा समावेश गरी राख्ने। | |
| ११ | सदस्यता | दुई वटै संस्थाका सदस्यहरुलाई एकीकृत संस्थामा समावेश गर्ने। | ........... र ........... शेयर सदस्यहरुको सदस्यता एकीकृत संस्थामा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने। | |
| १२ | आन्तरिक कार्यविधिहरु | संस्था सञ्चालन लागि आन्तरिक कार्यविधिहरु लागू गर्ने सन्दर्भमा .............. र .............. संस्थामा भएका एकै किसिमका कार्यविधिहरु भएमा सोही लागू गर्ने र नभएका कार्यविधिहरुका सन्दर्भमा भने हाल | हाल रहेका निम्न कार्यविधिहरु कायम राखी संस्था सञ्चालन गर्ने।<br>१ ...................................<br>२ ..................................<br>३ .................................. | |

| | | | | |
|---|---|---|---|---|
| | | भएको कार्यविधिहरुलाई नै एकीकृत संस्थाको कार्यविधिका रुपमा लागू गर्ने। | ४ .................................. | |
| १३ | बैंक खाता र नगद जम्मेवारी | विभिन्न बैंकको कारोवारलाई हस्तानन्तरण गर्ने, नगद पनि दुई वटै संस्थाको एकीकृत गर्ने। | विभिन्न बैंकहरु र नगद हस्तान्तरण गरी एकीकृत रुपमा राखी उपयोग गर्ने। | |
| १४ | संस्था सञ्चालन प्रक्रिया | दुई वटै संस्थाका वर्तमान सञ्चालक, लेखा तथा सल्लाहकार समिति एवं उपसमितिहरु मिलाएर विनियममा व्यवस्था भए बमोजिम बाँकी अवधिसम्म लागि कायम गर्ने। | दुई वटै संस्थाका सञ्चालकहरुवाट सञ्चालक समिति, लेखा समिति तथा अन्य समिति, उपसमिति गठन गरी कार्य गर्ने। | |
| १५ | लिनु दिनु पर्ने बाँकी ऋण तथा सम्पत्ति | दुई वटै संस्थाको एकीकरण गरी संयुक्त रुपमा राख्ने। | दुई वटै संस्थाले बुझाउनुपर्ने बाँकी ऋण संयुक्त रुपमा ........... सहकारी संस्था लि.को नाममा स्थानान्तरण गरी बुझाउने, लिनुपर्ने भएपनि यही कार्यविधि अपनाई असुल उपर गर्ने। | |
| १६ | केन्द्रीय/जिल्ला/विषयगत संघ को प्रतिनिधि | संस्थाबाट प्रतिनिधित्व गर्ने केन्द्रीय/जिल्ला/विषयगत संघको प्रतिनिधि एकीकृत संघको तर्फबाट पनि निरन्तरता दिने। | .......... केन्द्रीय प्रतिनिधि ............. संयुक्त भएको दुवै संघ/संस्थाको प्रतिनिधिका रुपमा एकीकृत प्रतिनिधि फेरबदल गर्ने। | |
| १७ | कर्मचारी | दुई वटै संस्थाका कर्मचारीहरुलाई यथावत कामकाज<br>लगाउने। | ............. नियुक्त कर्मचारीहरु र ............. नियुक्त कर्मचारीहरुलाई एकीकृतरुपमा ............. मा नै यथावत कामकाजमा लगाउने। | |
| १८ | दर्ता नं. र पान नं. | ........... सहकारी संस्था लि.को दर्ता नं. | ............ सहकारी संस्था लि.को दर्ता नं. ......... र | |

| | | | | |
|---|---|---|---|---|
| | | ....... र आन्तरीक राजस्व कार्यालयमा दर्ता भएको स्थायी लेखा नं............. लाई स्वीकार गर्ने अन्य .................. स्थायी लेखा नं. लाई रद्ध गर्ने। त्यसका लागि सम्वन्धित निकायमा जानकारी गराउने। | आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको स्थायी लेखा नं............. लाई प्रयोग गर्ने। | |
| १९ | नगदी र ढुकुटीको बीमा गर्ने | एकीकृत संस्था ........... सहकारी संस्था लि.को नगदी र ढुकुटीको बीमा गराई सञ्चालन गर्ने। | उपयुक्त बीमा कम्पनीसंग आवश्यक सम्झौता गरी नगदी र ढुकुटीको बीमा गर्ने व्यवस्था मिलाउने। | |
| २० | एकीकरण पछिको विवाद सम्बन्धी | एकीकरण पश्चात कुनै विषयमा विवाद उठेमा विवाद मिलाउन तीन सदस्यीय समिति निर्माण गर्ने र विवादको टुङगो लगाउने। | विवाद समाधान समितिमा निम्न सदस्यहरुलाई जिम्मेवारी दिने र समितिले गरेको निर्णय सञ्चालक समितिले अनुमोदन गरे पछि लागू हुने गरी निर्णय गर्ने।<br>१. संयोजक श्री<br>२. सदस्य श्री<br>३. सदस्य श्री | |
| २१ | विनियममा संशोधन र परिमार्जन गर्ने समिति | ................ सहकारी संस्था लि.को विनियम हालको अवस्थामा कतिपय विषयहरु थपघट, परिमार्जन गरी समयानुकूल बनाउनु पर्ने भएकोले व्यापक अध्ययन परिमार्जन गर्न तीन सदस्यीय समितिलाई जिम्मा दिने। | विनियम संशोधन र परिमार्जन गर्दा निम्न समिति निर्माण गरी जिम्मा दिने।<br>१. संयोजक श्री<br>२. सदस्य<br>३. सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| २२ | परिमार्जित छाप | | एकीकरण पश्चात संस्थाको देहाय अनुसारको छाप रहनेछ। | |

दस्तखतः .................
............. सहकारी संस्था लि.
संस्थाको छाप

दस्तखतः ....................
............. सहकारी संस्था लि.
संस्थाको छाप

अनुसूची-१२

(नियम २१ को उपनियम (४) खण्ड (क) सँग सम्बन्धित)

**संयुक्त निवेदनको ढाँचा**

श्रीमान् ......................... ज्यू,

...................................।

बिषयः एकीकरण गर्न स्वीकृति पाउँ।

महोदय,

प्रदेश सहकारी ऐन, २०७६ बमोजिम सञ्चालन भई आएका तपसिल बमोजिमका संस्था एकीकरण गर्न सम्पूर्ण प्रक्रिया पूरा भएकोले एकीकरणको लागि तोकिएको आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं। अतः उपरोक्त संस्थाहरु एकीकरण गरी पाउन अनुरोध गर्दछौं।

भवदीय

| | |
|---|---|
| .................................... | .................................... |
| (संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) | (संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) |
| नामः | नामः |
| पदः अध्यक्ष | पदः अध्यक्ष |
| संस्थाको नामः ........... सहकारी संस्था लि. | संस्थाको नामः ........... सहकारी संस्था लि. |
| ठेगानाः | ठेगानाः |
| टेलिफोन नं. | टेलिफोन नं. |
| फ्याक्सः | फ्याक्सः |
| ई-मेल ठेगानाः | ई-मेल ठेगानाः |
| मितिः २०७......./......../....... | मितिः २०७......./......../....... |
| संस्थाको छापः | संस्थाको छापः |

**आज्ञाले,**

**डा. योगेन्द्र कुमार कार्की**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. २५।-